# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं वैशाख १५ गते ०१० साल

## भाग ८

### मालपोत तथा वनविभागको विज्ञप्ति

सदर ४ मालबाट तहसील गर्नुपर्ने जग्गाहरूमध्ये राजदल, रैफल कालीबहादुरको खारेजी र समरजङ्ग अफिसरी आदिको जग्गामा जिन्सी नै र अरूमा नगदी लिने भई आएकोमा तिरो समानता गर्ने गरी सो ४ मालको सबै जग्गालाई सयकडा ४ सम्म जिन्सी र अरू नगदी लिने निकाश भएकोमा ४ भन्ज्याङभित्रका र बाहिरकालाई पनि एकै थिति हुन गएको र अरू ४ भन्ज्याङबाहिरका पूर्व पश्चिम मालहरूमा जिन्सी बुझाउनुपर्ने भइरहेको औ सो ४ भन्ज्याङबाहिरका मौजाहरू ८।६ कोशसम्म पनि खाढा परी २।४ माना जिन्सी तिनेले पनि सदरसम्म आइ रहनुपर्दा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मोही रैतीलाई पीर पर्ने भएकोले ४ भन्ज्याङबाहिरका जग्गाजतिलाई साबिकैबमोजिम लिने कौन्सीलबाट निर्णय भएको हुँदा सबै जनतामा बोध होस् भन्ना निमित्त यो विज्ञप्ति प्रकाश गरिदिएको छ। सम्बन्धित अड्डाहरूले र रैती जनताले पनि सोबमोजिम गर्नुहुनेछ ।

चन्द्रबहादुर थापा
सेक्रेटरी,
मालपोत तथा वनविभाग.

## मालपोत तथा वनविभागको विज्ञप्ति

ठे. अब्दुल हनानले ठेक्का लिएको ठोरी लट् नं. १२ को तेस्रा किस्ता कं.रू. ३०३३६ नबुझाएको सो किस्ता रुपैयाँको पूरा लकडी छाडी गएको मिसल सामिल रहेको १५ रोजाबाट देखिन आएको उक्त लकडी संरक्षण गर्नुपर्नेमा नगरी सरकारको धेरै नोकसानी गर्ने उस बखतको वनजाँचका हाकिम ना. सु. चूडाबहादुर हाल बुधवारे रेञ्जको रेञ्जर र त. ख. रामप्रसाद हाल यस विभागको अ. सेकेटरीलाई उपरोक्तबमोजिम सरकारी नोकसानी गरेबापत परामर्शदातृमण्डलका ०६। १२।२६ को निर्णयानुसार बरखास्त गरेकोले सर्वसाधारणलाई सूचित गरिन्छ ।

चन्द्रबहादुर थापा
सेक्रेटरी,
मालपोत तथा वनविभाग.

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।